# नेपाल सरकार
# रक्षा मन्त्रालय

मितिः २०८२/१२/०८

## मन्त्रालयबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण

**आ. व. २०८२/८३** **महिनाः फागुन**

**क. प्रशासन महाशाखा**

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **कर्मचारी प्रशासन शाखा** | - नेपाल सरकारका मूख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८२/११/०४ गते तथा विगतमा भएका सचिव बैठकहरूबाट भएको निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रूपमा पठाइएको,<br>- यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको २०८२ माघ मसान्तसम्मको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- नेपाली सेनाबाट सिफारिस भईआएबमोजिम नियमित बढुवा, सरूवा, राजीनामा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा २ जना, सरूवा २ जना र राजीनामा ५ जना),<br>- रक्षा मन्त्रालयको आ.व. २०८१/८२ को व्यवस्थापन परीक्षण स्वमूल्यांकनका लागि श्री कुशला पौडेलको संयोजकत्वमा गठित टोलीले प्रतिवेदन पेश गरेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सोको प्रारम्भिक प्रतिवेदन समेत प्राप्त भईसकेको र सो प्रतिवेदनको सूचकहरूको विश्लेषण खण्डमा औंल्याइएका विषयमा मन्त्रालयका महाशाखा र शाखाहरूसँग थप प्रमाण तथा आवश्यक कागजातहरू माग गर्ने कार्य भईरहेको, |
| २. | **शासकीय सुधार तथा मानव संसाधन विकास शाखा** | - मन्त्रालयले नेपाली सेनातर्फ (सकलदर्जा) १७ जना (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप/कार्यक्रम) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको। साथै मनोनीत उम्मेदवारका आश्रित परिवारका सदस्य ५ जनाको लागि भिसा समेत सिफारिस गरिएको, |

| | | |
|---|---|---|
| | | - मिति २०८२ साल फागुन २९ गते शुक्रबार रक्षा मन्त्रालयका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित शासकीय सुधार एकाइको बैठक सहसचिव श्री मनोजकुमार आचार्यको अध्यक्षतामा मन्त्रालका शाखा प्रमुखहरूको उपस्थितिमा बसेको,<br>- रक्षा मन्त्रालयका श्रीमान् सचिवज्यूको अध्यक्षतामा मिति २०८२ फागुन ४ गते बसेको उच्च व्यवस्थापन समूह (SMT) बैठकबाट संवैधानिक आयोगहरूका विगत पछिल्ला ५ वर्षका प्रतिवेदन र विभिन्न समयमा प्राप्त भएका यस मन्त्रालयसँग सम्बन्धित सुझावहरू कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी प्रतिवेदन पेश गर्न उपसचिव श्री कुशला पौडेलको संयोजकत्वमा कार्यदल गठन भई कार्य भईरहेको, |

**ख. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा**

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **योजना तथा सैनिक कल्याण शाखा** | - मिति २०८२/११/०५ गते सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा नीतिगत समन्वय तथा उच्चस्तरीय समितिको बैठक सम्पन्न भएको,<br>- आ.व. २०८३/८४ का लागि योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा प्रमुख श्री कृष्ण पौडेलको संयोजकत्वमा बजेट समिति गठन भई आ.व. २०८३/८४ का लागि बजेट सिलिङ बाँडफाँड गरिएको एवम् बजेट सीमा र मार्गदर्शनका आधारमा आ.व. २०८३/८४ को लागि वार्षिक कार्यक्रम प्रस्ताव गरी पठाउन मातहतका निकाय र मन्त्रालयका महाशाखा/शाखाहरूमा अनुरोध गरी पठाइएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) सँग सम्बन्धित भेरिएसन आदेश-५ सम्बन्धमा मन्त्रालयमा गठित समितिले जाँचबुझ गरी मिति २०८२/११/१५ गते श्रीमान् रक्षा सचिवज्यूसमक्ष प्रतिवेदन पेस गरिएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) को DPR को तेस्रो संशोधन तथा आयोजनाको समयावधि थप गर्ने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०८२/११/२५ गते प्रस्ताव पेस गरिएको,<br>- रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूबाट भदौ २७ गते गठन भएको अन्तरिम सरकारको कार्यकालमा सम्पादन भएका प्रमुख कार्यहरूको विवरण मिति २०८२/११/२५ गते मुख्यसचिवज्यूको सचिवालयमा पठाइएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - मिति २०८२/११/२६ गते रक्षा मन्त्रालयको पाँच वर्षे रणनीतिक योजना तर्जुमा समितिको बैठक बसी योजनाका लागि आवश्यक विवरण पठाउन नेपाली सेना, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय तथा यस मन्त्रालयका महाशाखा/शाखाहरूमा पत्राचार गरिएको,<br>- मिति २०८२/११/१२ गते वार्षिक अनुगमन योजना, २०८२ स्वीकृत गरिएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) अन्तर्गत कार्य सहमति (११ जना) र गैरपर्यटक भिसा (४२ जना) का लागि अध्यागमन विभाग र श्रम इजाजत (३१ जना) का लागि श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा सिफारिस गरिएको,<br>- फागुन महिनाको माइलस्टोन प्रगति र मासिक सूचकको आधारमा प्रगति एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- मिति २०८२/१०/२९ गते सम्पन्न आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक अवधिसम्मको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) बैठकको निर्णय मिति २०८२ फागुन १० गते २१ वटा निकायहरू र ०७ वटा पदाधिकारीहरूलाई पठाइएको,<br>- वैदेशिक सहायतामा सञ्चालन भएका कार्यक्रमको विवरण मिति २०८२/११/१२ गते अर्थ मन्त्रालयमा पठाइएको, |
| २. | **शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा** | - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरूमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा १४० जना विभिन्न दर्जाको मनोनयन स्वीकृत, १०१ जनाको विशेष राहदानी सिफारिस र २ जनाको भिसा सिफारिस गरिएको,<br>- संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा - ८४ जना विभिन्न दर्जाको मनोनयन स्वीकृत, ४९ जनाको विशेष राहदानी सिफारिसको लागि निर्वाचन आयोगमा सहमतिको लागि पठाइएको,<br>- इटाली सरकारले नेपालका लागि गैर-आवासीय Defence Attache' पदमा Cap. (Navy) Armando Paolo SIMI लाई नियुक्तिका लागि प्रस्ताव गरेको |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | सम्बन्धमा मिति २०८२/११/२७ (सचिवस्तर) को निर्णय अनुसार श्री परराष्ट्र मन्त्रालयमा सकारात्मक राय उपलब्ध गराईएको,<br>- United Nations Interim Force in Lebanon (UNIFIL) मिसन, Lebanon मा Deputy Force Commander (DFC) को नियुक्तिमा कार्यरत रहने सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/११/१२ मा गरेको निर्णय बमोजिम स्वीकृति प्रदान गरिएको, |
| ३. | **सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा** | - सुरक्षा जर्नल २०८२ वर्ष ६ अङ्क १ सम्पादक मण्डलको मिति २०८२/११/१०, २०८२/११/१३, २०८२/११/१४, २०८२/११/१५, २०८२/११/२६ गते बैठक बसी लेखकहरूबाट परिमार्जन भई प्राप्त लेख रचनाको विषयवस्तुमा विस्तृत रूपमा छलफल, प्राप्त २१ वटा लेख रचनामध्ये ६ वटा लेखहरूलाई तोकिएको Guidelines अनुसार नभएकोले समावेश गर्न नसकिने निर्णय, अंग्रेजी भाषा (१० वटा) र नेपाली भाषा (५ वटा) मा लेखिएका जम्मा १५ वटा लेखहरूलाई अन्तिमरूप दिन छलफल गर्ने लगायत कार्यहरू सम्पन्न गरिएको,<br>- मन्त्रालबाट २०८२ माघ महिनामा भए/गरेका कार्यहरू रहेको प्रगति विवरण तयार गरी मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) मा राखिएको,<br>- मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको फागुन महिनाको तथ्याङ्क (GIOMS रिपोर्टमा आधारित) तयार गरिएको,<br>- मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) नियमित अद्यावधिक गरिएको, |

**ग. कानून महाशाखा**

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **कानून तथा फैसला कार्यान्वयन शाखा** | - **"सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८२"** को पुनः संशोधित मस्यौदा मिति २०८२/११/२५ मा सहमतिको लागि अर्थ मन्त्रालयमा पठाइएको,<br>- **"राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (छैटौं संशोधन) आदेश, २०८२"** को कार्यावधि एक वर्ष थप गर्ने गरी तयार गरिएको मस्यौदामा राय तथा सहमतिको लागि मिति २०८२/११/११ मा अर्थ मन्त्रालयमा पठाइएको,<br>- नेपाल सेनाका सैनिक व्यक्तिहरूको बढुवा, पदावधि थप र राजीनामा लगायत विषयमा कानूनी राय/परामर्श पेश गरिएको (४ वटा), |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| २. | **मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा** | - हेलो सरकार पोर्टलमार्फत प्राप्त नेपाली सेनासँग सम्बन्धित २ वटा गुनासोहरू गुनासो व्यवस्थापनका लागि नेपाली सेना, जङ्गी अड्डामा पत्राचार गरिएको र उक्त पोर्टलमार्फत प्राप्त गुनासोहरूको सम्बन्धमा नेपाली सेनाबाट प्राप्त भएको ९ वटा गुनासोहरूको जवाफ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, |

**घ. व्यवस्थापन महाशाखा**

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा** | - संवत् २०८२ साल फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा प्रभावकारी सुरक्षा प्रबन्ध, निर्वाचन सामग्री, मतपेटिकाको ढुवानी तथा सुरक्षा व्यवस्था गर्ने सम्बन्धमा निर्वाचन आयोग, गृह मन्त्रालयसमेतसँग आवश्यक समन्वय एवं नेपाली सेनामा पत्राचार गरिएको,<br>- VVIP उडान तथा अन्य सुरक्षा प्रबन्ध (४ पटक), हेली उद्धार (६ पटक) तथा ड्रोन उडानको सहमति (३ वटा) दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायहरूसँग निरन्तर सहजीकरण गरिएको,<br>- मन्त्रालय परिसरमा रहेको ढल व्यवस्थापन सम्बन्धी पूरानो समस्याको स्थायी समाधान गरिएको,<br>- मन्त्रालयको फागुन महिनाको उच्च व्यवस्थापन समूह बैठक (SMT) मिति २०८२/११/०४ गते र कर्मचारी बैठक मिति २०८२/११/०५ गते सम्पन्न भएको,<br>- मन्त्रालयको लागि आवश्यक नियमित खरिद, जिन्सी व्यवस्थापन, सवारी साधन व्यवस्थापन, मर्मत सम्बन्धी कार्यहरू तथा मन्त्रालय परिसरको सरसफाई र सौन्दर्यीकरण सम्बन्धी कार्यहरू गरिएको, |
| २. | **आर्थिक प्रशासन शाखा** | - २०८२ फागुन महिनासम्म चालु खर्च ४५.३६% र पुँजीगत खर्च ८.७७% रहेको |
| ३. | **खरिद व्यवस्थापन शाखा** | - नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महशुल छुटका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरिएको संख्या (९ वटा) |